परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक

❑ वर्ष १२ ❑ अंक २३ २०८० माघ ७ गते आईतवार Sunday 21, JAN 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## विदेश पठाई दिन्छु भन्दै लाखौ रकम ठगी



ठगीमा परेका पिडितहरु पत्रकार सम्मेलन गर्दै ।



ठगी गर्ने नाजनी खातुन ।

विराटनर । विदेश पठाई दिने प्रलोभन दिई विराटनगर महानगरपालिका वडा नं. ८ बस्ने नाजनी खातुनले एक दर्जन व्यक्ति लगायत मसंग लाखौ रकम लिई ठगी गरेको आरोप एक यूवाले लगाएको छ ।

विरटनगर स्थित नेपाल पत्रकार महासंघ मोरंग शाखाको सभाहलमा पत्रकार सम्मेलन गरी सुनसरी जिल्ला इटहरी उपमहानगर पालिका वडा नं. १७ का सोनु बिक्रम साह र उनका श्रीमति पुष्पा साहले एजेन्ट खातुनलाई रकम ठगीगरेको आरोप आरोप लगाएको हो । विदेश पठाईदिने भन्दै ३ लाख ३५ हजार रुपैयाँ ठगी गर्नुको साथै म जस्तै एक जर्दन व्यक्तिलाई ठगी गरेको आरोप लगाएका छन् ।

पिडीत साहले खातुनलाई ज्योति विकास बैंकको खाँतामा २०८० श्रावन १५ गते रकम जम्मा गरिदिएमका थिए । साह र उनका श्रीमति पुष्पा साहलाई खातुनले दुवई पठाउनका लागि रकम लिएको पिडितले वताए । खातुनले रकम लिए पछि दुवै जनाको नाममा नक्कली भिसा र नक्कली हवाई जहाजको टिकट दिएर २०८० कार्तिक ११ गते विदेश जानका लागि काठमाण्डौं पठाएका थिए । तर उनीहरु दुवैजना विदेश नगएर १२ दिनपछि आफ्नै गाउँफर्किएको साहले वताए ।

गाउँ फर्किसकेपछि एजेन्टसंग किन ठगीगरेको भन्दा कम्पनीको काम बन्दभएको भन्दै टारेको पिडीत साहले वताए । खातुनसंग पटक पटक आफ्नो रकम फिर्ता माग्दा खातुनले उल्टै उच्च अदालत विराटनगरमा २०८० असोज १ गते हातपात र गालीगलोजको मुद्दा दर्ता गराएको साहले गुनासो गरे । खातुनले साहलाई रकम फिर्ता दिन्छु भनेर पटक-पटक दुवै जना बीच कगज गरेपनि रकम फिर्ता दिन नचाहेको साहको आरोप छ ।

साह द्धयले जिल्ला प्रशासन कार्यालय मोरंगमा विदेश पठाई दिने भनेर रकम लएको तर विदेश नपठाई ठगी गरेको भन्दै रकम फिर्ता गराई पाउँ असोज ६ गते उजुरी दर्ता गराएका थिए । सोही अनुसार विराटनगर महानगर पालिका वडा नं. ६ बस्ने सफि अहमद खाँ, सोनु विक्रम साह र पुष्पा कुमारी साहलाई वैदेशिक रोजगारका लागि दुवई पठाउँछु भनी नगद ८ लाख ९५ हजार लिएको सो रकम सुनसरी बर्जु गाउँपालका वडा नं. ३ को निर बहादुर गुरुङ्ग र नाजनी खातुनले तिर्छु भनी सहमती गरेता पनि सो रकम तिर्न आलटाल गरेको

वांकी अन्तिम पेजमा...

## पहिचानवादीसँग वार्ता गर्न तीन सदस्य कमिटी गठन

विराटनगर । कोशी प्रदेशको नामाकरण पछि आन्दोलनरत पहिचानवादी पक्षधरसंग वार्ताका लागि प्रदेश सरकारले तीन सदस्य समिति गठन गरेका छन् ।

प्रदेश मन्त्रिपरिषद्को शनिबार बसेको बैठकले कोशी प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री कमलप्रसाद जबेगुको नेतृत्वमा तीन सदस्यीय वार्ता समिति गठन गरेको हो ।

वार्ता समिति सदस्यमा पर्यटन, वन तथा वातावरणमन्त्री गणेश उप्रेती र सदस्य सचिवमा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव लक्ष्मीप्रसाद पौडेल रहने निर्णय भएको सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानूनमन्त्री शम्शेर राईले बताएका छन् ।

प्रदेशसभा बैठकले फागुन १७ गते प्रदेशको नाम कोशी पारित गरेदेखि पहिचान पक्षधरले प्रदेश १ पून : नामकरण संयूक्त संघर्ष समिति गठन गरी आन्दोलनरत छन् । उक्त आन्दोलनका क्रममा आन्दोलनरत पक्षका पदम लिम्बूको मृत्यू भएको थियो ।

मुख्यमन्त्री केदार कार्कीले पहिचान पक्षधरको माग र मुद्दा सम्बोधनका लागि पहिचान कायम गर्न खुवालुङ, तुवाचुङ, फालुगुनन्द, आत्मानन्द क्षेत्रको विकासका साथै फालुगुनन्द भाषा संस्कृति संरक्षण प्रतिष्ठान गठन गर्ने चालू आर्थिक वर्षको बजेटमा व्यवस्था गरेका हुन् । किरात सभ्यतालाई शीरमा राखेर आदिवासी जनजातिको पहिचान कायम गर्दै माग र मुद्दा सम्बोधनका लागि आन्दोलनरत पक्षसँग वार्ता समिति गठन गरेको मुख्यमन्त्री कार्कीले बताएका छन् ।

वार्ता समिति संयोजक मन्त्री जबेगुले तत्काल समितिको बैठक बसेर निर्णय गरी आन्दोलनरत पक्षलाई पत्राचार गरेर वार्ता प्रक्रिया अघि बढाउने बताएका हुन् ।

त्यसै प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि पहिलो संशोधन स्विकृत, केही प्रदेश ऐनलाई संशोधन गर्ने अध्यादेश २०८० सिफारिस गर्ने, प्रदेश सांसद विनोद वान्तबा राईको

वांकी अन्तिम पेजमा...

## बृहत भेला सितलु दास गुठीको प्रांगणमा

**राजेश कुमार राजवंशी**

विराटनगर । विराट राजवंशी समुदायले आफ्नो गुमेको पहिचान, प्रतिष्ठा र परम्परागत सांस्कृतिक मुल्य मान्यता प्राप्तिका लागि १७ औं बृहत भेला विराटनगर-४ कंचन वारी आयल निगम छेउमा रहेको सितलु दास गुठीको प्रांगणमा गर्ने भएको छ ।

राजवंशी समाज उत्थान केन्द्रिय समिति (विराट) ले विराटनगरको नेरुडे लघु वित्त संस्थाको सभाहलमा छलफल गरि वृहत भेला सितलु दास गुठीको प्रांगणमा गर्ने निर्णय गरेको हो ।

राजवंशी समाज उत्थान समिति (विराट) ले प्रत्येक वर्ष फागुण ६ गते वृहत भेला गर्दै आएको छ । विराट राजवंशी समुदायले १७ औं वृहत भेलालाई सभ्य र भव्य वनाउनको लागि समिति र विभिन्न उपसमिति समेत गठन गरिएको छ ।

विराट राजवंशी समुदाय को वृहत भेलाले राजवंशी समाज उत्थान समिति मोरङको अध्यक्ष काशिराम राजवंशीको संयोजकत्वमा मुल समिति गठन गरेको छ ।

त्यसैगरी उपसमितिहरुमा ईन्द्रलाल राजवंशी संयोजक आर्थिक, सूचना तथा प्रचार-प्रसार समितिको संयोजक राजेश कुमार राजवंशी, मन्च व्यवस्थापन समिति को संयोजक पन्न्ना लाल राजवंशी, मोटरसाइकल र्याली स्वयं सेवक संयोजक युवराज राजवंशीलाई जिम्मेवारी दिएको छ ।

केन्द्रिय समितिको भेलाले १७ औं बृहत भेलालाई वृहत प्रचार प्रसार गर्न फागुण १ गते पत्रकार सम्मेलन गर्ने, फागुण ४ गते मोटरसाइकल र्याली गर्ने भएको छ । राजवंशी समाज उत्थान केन्द्रिय समिति (विराट) का केन्द्रिय उपाध्यक्ष प्रदीप विस्वास

वांकी अन्तिम पेजमा...


## वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

**श्याम धिमिरे (वडा अध्यक्ष)**
**विराटनगर महानगरपालिका वडा नं. १९ को कार्यालय**



### त्यागेपछि...

बालबालिकालाई निःशुल्क उपचार गराउन प्रदेशमा २५ लाखभन्दा कमको योजना कटौति गरेको मुख्यमन्त्री कार्कीले बताएका हुन् । 'गाउँको मन्दिर छोडेर पाथिभारा, बराह क्षेत्र र हलेसीमा भाकल गर्ने चलन बढेको छ,' उनले भने, 'त्यसैले गाउँमा वडाध्यक्ष र पालिका प्रमुखले छान्ने योजना कटौति गरेर पाथिभारा, हलेसी र बराह क्षेत्रमा बजेट राखेका छौं । बर्जुलाई सहर बनाउन केसलीया कोरिडोर निर्माण सुरू गर्न लागेको छु ।' बर्जु तालको पानी देखाएर होइन त्यसलाई पर्यटकीय गन्तव्य बनाउने योजना ल्याउन लागेको उनको भनाइ थियो ।

### विदेश...

र प्रशासनले समेत कुनै कारवाही नगरेको आरोप लगाए ।

ऋणकर्जा लिएर विदेश पुगी पैसा कमाउने सपना देखेका साह द्धय अन्तर्राष्ट्रिय विमान स्थलबाट घर फर्किएर रकम फिर्ता गराउन र न्याय पाउनको लागि हारगुहार गर्दै भौतारी रहेका छन् ।

### बृहत...

राजवंशीले १७ औं बृहत भेला सफल पार्न भव्य र सभ्य रूपमा मनाउने भएकोले सम्पर्ण विराट राजवंशी समुदायलाई सहभागी हुन समेत आह्वान गरेको छ ।

त्यसैगरी कटहरी गाउँ पालिका वडा नं. १ का अध्यक्ष हरिनारायण राजवंशीले आफ्नो जातिको लागि सहयोग गर्ने वताउँदै विराट राजवंशीको भव्य र सभ्य भेलालाई आफ्नो जातीय भेषभुषा, संस्कृति, पहिचान झल्काउने पहिरनमा उपस्थित भई सहभागी हुन आग्रह समेत गरेका छन् ।

१७ औं बृहत भेला सम्पुर्ण विराट प्रेमी दाजुभाइ, दिदिबहिनी, शिक्षक, कर्मचारी, व्यपारी, राजनीतिक दलका नेता गण, किसान, विधार्थी, कलाकार, बृद्धबृद्धा तथा शुभ चिन्तक इष्टमित्रहरु उपस्थित भई सफल पारिदिन राजवंशी समाज उत्थान समिति केन्द्रिय अध्यक्ष भुवनेस्वर मण्डल राजवंशीले आग्रह समेत गरेका छन् ।

### पहिचानवादी...

कुटनीतिक राहदानीका लागि सिफारिस गर्ने र १० वर्षमुनिका बालबालिकाहरूको निःशुल्क उपचारका लागि कोशी प्रदेश बालबालिक संरक्षण नियमावली स्वीकृत गर्ने निर्णय गरेको प्रवक्ता तथा मन्त्री राईले बताएका छन् ।

### धनकुट्टामा...

लागि बजारको स्थलगत अनुगमन पनि गरेको थियो ।

नियम कार्यान्वयनका लागि अहिले बजार क्षेत्रमा नगर प्रहरी, नेपाल प्रहरी र ट्राफिक प्रहरीको टोली परिचालन गरिएको छ । नयाँ नियम भएकाले सुरुवाती चरणमा सवारी धनीहरूलाई सम्झाउने र त्यसपछि मात्र जरिवानाको प्रकृयामा जाने धनकुटा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राईले जानकारी दिए । उनका अनुसार अब बजार क्षेत्रमा पार्किङ क्षेत्र तोकेर लाइन कोरिने र बोर्डहरू राखिनेछ । त्यसपछि पनि अटेर गरेर नियम उल्लंघन गर्नेलाई जरिवाना तिराउने तयारी गरिएको छ ।

NO SMOKING

## श्रीरामको प्राण प्रतिष्ठाको अवसर पारेर विराटनगरमा मोटरसाईकल र्‍याली



विराटनगर । श्रीराम जन्म भूमि तिर्थक्षेत्र अयोध्यामा माघ ८ गते सोमवारका दिन नव निर्मित भव्य राम मन्दिरमा भगवान श्रीरामको प्राण प्रतिष्ठाको अवसर पारेर विश्व हिन्दु परिषद, नेपाल लगायतका संघ संस्थाहरुले विराटनगरमा हजारौको संख्यामा मोटरसाईकल र्‍याली प्रदर्शन गरेका छन् ।

उक्त र्‍याली पंचमुखी हनुमान मन्दिर देखि शुरु भई राडशेष चौक हुँदै नेपाल भारत सिमानाका जोगवनी पुगेर पुनः रोडशेष चौक, बस स्टेण्ड, महेन्द्रचौक, गुद्री बजार लगायत विराटनगर बजारको परिक्रमा गरी पंचमुख हनुमान मन्दिर चौकमा र्‍याली समापन गरेका थिए ।

सो प्राण प्रतिष्ठा हुनु समस्त सनातन हिन्दु धर्मावलम्बीहरुका लागि अन्यन्तै खुशीको कुरा भएको हुँदा उक्त महान अवसरलाई हर्सोउल्लासका साथ भव्य रुपमा मनाउन विश्व हिन्दु परिषद नेपाल मोरंग र रामजानकी मन्दिर विराटनगरद्धारा ३ दिने कार्यक्रमको घोषणा गरेको थियो ।

घोषित कार्यक्रम अनुसार माघ ७ गते आइतवार १० बजे कलश यात्रा र माघ ८ गते सोमवार ४:३० बजे शोभा यात्रा र साँझ २१ हजार दिप प्रज्वलन गर्ने भएको छ । यी सम्पूर्ण कार्यक्रमहरु रामजानकी मन्दिर र पञ्चमुखी हनुमान मन्दीरको प्रांगणवाट शुरु हुने आयोजकले जानएको छ । उक्त कार्यक्रम मा आम जनसमुदायलाई स-स्फुर्त सहभागी हुन आयोजकले अनुरोध समेत गरको छ ।

अयोध्यामा समुद्घाटन हुन लागेको राम मन्दिरको स्वरूप परम्परागत नगरा शैलीमा रहेको छ । मन्दिरको लम्बाइ ३८० फिट, चौडाइ २५० फिट र उचाइ १६१ फिट रहेको श्री राम जन्मभूमि तीर्थ क्षेत्र हुने छ । तीन तले मन्दिरमा तीन सय ९२ स्तम्भ तथा ४४ ढोका बनाइएको छ ।

मन्दिरहरूमा शिखर शैली का अग्लो पिरामिड आकारका टावरहरू रहेको छ भने शिखरमा कलशसहित मन्दिरका स्तम्भ तथा पर्खालहरू मूर्तिकलाले सजिएका छन् । मन्दिरको सबैभन्दा विशेष स्थान भगवान् श्रीरामको प्रतिमूर्ति राखिने गर्भगृहमा उनको बाल्यकालको स्वरूप र पहिलो तल्लामा श्रीराम दरबार रहेको छ ।

मन्दिरमा नृत्यमण्डप, रङ्गमण्डप, सभा मण्डप, प्रार्थना र कीर्तन मण्डप गरी पाँच मण्डप बनाइएको छ । मन्दिरका स्तम्भ तथा पर्खालहरू देवी देवता हरूको मूर्तिहरू सजिएका छन् । सिंहद्वार हुँदै ३२ वटा सिँढी चढेर पूर्वबाट मन्दिर प्रवेश गर्न सकिन्छ । असहजताको सुविधाका लागि लिफ्ट लगायतको व्यवस्था गरिएको छ ।

सात सय ३२ मिटर लम्बाइ तथा १४ फिट चौडाइ भएको आयताकार पर्खालले मन्दिरलाई घेरेको छ । मन्दिर परिसरको चार कुनामा सूर्यदेव, देवी भगवती, गणेश मन्दिरहरू बनाइएको छ । उत्तरमा माँता अन्नपूर्णको मन्दिर र दक्षिणमा हनुमान्जीको मन्दिर रहेको छ ।



र्‍यालीपछि जय श्रीरामको नारा लगाउँदै यूवाहरु । तस्वीर : सुनिल

## जाडो समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठमा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरीदिऔं,
- बढी चिसोमा मोर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र बिक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंरक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातती फोहोरमैला नफालौं ।

## वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

सुर्यलाल यादव (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. १३ को कार्यालय

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक

## सम्पादकीय

# प्राण प्रतिष्ठा नेपालमा उत्साह

हाम्रो वेटी रोटीको सम्बध रहेको छिमेकी देश भारतको अयोध्यामा नव निर्मित राम मन्दिरमा मंसिर ८ गते श्रीराम भगवानको प्राण प्रतिष्ठाको अवसरमा नेपालका प्रत्येक नागरिक उत्साही भएका छन्। उत्साह थप्नुको मुख्य कारण हो माता सितासंग श्रीरामको सम्वध जुट्नु रहेकोछ। यसले के देखाउँछ भने सम्बन्धको इतिहास जति पुरानो हुन्छ त्यतीनै प्रेम प्रगाढ हुन्छ। त्यसै कारण अहिले नेपालका हरेक शहरहरुका श्रीराम मन्दिर, हनुमान मन्दिर लगायत धार्मिक स्थलहरुमा प्राण प्रतिष्ठाको दिन दिपावली मनाउन भव्य तयारी गरी रहेका छन्। सो दिनलाई भव्य र सभ्य बनाउन ठाउँ ठाउँमा मोटरसाइकल र्‍याली, कलश यात्रा, दिप प्रज्वलन गरि रहेका छन्।

त्रेतायुगदेखि नै भारतको अयोध्या र नेपालको जनकपुरधाम बीचको सम्बन्ध जुटेको छ। भगवान राम र माता सिताको विवाहसंगै जुटेको सम्बन्ध हाल आएर धर्म, संस्कृति र संस्कारसँगै जीवनशैलीकै रूप लिइसकेको छ। भारत वर्षभित्र हजारौं साना साना राज्यहरू थिए। त्यसैमध्येको अयोध्या र जनकपुरधाम थिए। अयोध्याका राजा दशरथका छोरा राम र जनकपुरका राजा जनककी छोरी जानकी (सीता) बीचको विवाहले स्थापित गरेको सम्बन्धको ऐतिहासिक, धार्मिक, सांस्कृतिक र कूटनीतिक आयामहरू छन्। संयोग नै भन्नुपर्छ राममन्दिरको शिलान्यासपूर्व भूमिपूजन गर्न पुगेका प्रधानमन्त्री मोदीलाई भूमीपूजन गराउने पण्डित नेपाली नागरिक दुर्गाप्रसाद गौतम थिए। तीनै गौतम राम मन्दिरको प्राण प्रतिष्ठा पूजामा मूल पुजारीका रूपमा रहनेछन्।

अयोध्याको श्रीराम मन्दिर स्थापनाको लागि भूमिपुजन देखि प्राण प्रतिष्ठा सम्म नेपाली पुजारीलाई राखिएको छ। नेपालमा रेहको कालीगण्डकीको शिला, जनकपुरको जानकी मन्दिरको माटो, जल, इँटा लगिएको छ। भारतको प्रधानमन्त्री नरेन्द्र मोदीले माता सिता र नेपालको स्मरण गर्नुले नेपाल भारतको सम्बन्ध प्रगाढ रहको देखाउँछ। राजनीतिक सिमाले दुई देश छुटिएको देखिएता पनि नेपाल भारत सांस्कृतिक रुपमा एक रहको छ। यो प्रगाढ सम्वन्धलाई भविष्यमा पनि बलियो बदाउँदै लैजानु दुवै देशका नगरिकहरुको काँधमा दायित्व रहेका छन्।

## साप्ताहिक राशिफल

**मेष** (**चु, चे, चो, ला, लि, लु, ले, लो, अ**) : **दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष** (**इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन** (**क, कि, कु, घ, ङ, छ, के, को, ह**) : युवा वर्गका लाागि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट** (**हि, हु, हे, हो, डा, डि, डु, डे, डो**) : युवावर्गका लागि मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह** (**मा, मि, मु, मे, मो, टा, टि, टु, टे**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या** (**टो, प, पी, पू, ष, ण, ठ, पे, पो**) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला** (**रा, री, रु, रे, रो, ता, ती, तु, ते**) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक** (**तो, ना, नि, नू, ने, नो, या, यि, यू**) : **बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु** (**यो, भा, भी, भू, ध, फा, ढ, भे**) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर** (**भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी**) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (**गु, गे, गो, सा, सी, सु, से, सो, द**) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ।**

**मीन** (**दी, दु, थ, झ, ञ, दे, दो, च, ची**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# राम मन्दिर ध्वंसदेखि निर्माणसम्मका रोचक कहानी, अयोध्यामा हुँदैछ नेपाल–भारत सम्बन्धको नयाँ विहानी

**भूपेन्द्र क्षेत्री**

सम्बन्धको इतिहास जति पुरानो हुन्छ सम्बन्ध त्यति गाढा हुन्छ। त्रेतायुगदेखिकै हो भारतको अयोध्या र नेपालको जनकपुरधामबीचको सम्बन्ध। त्रेतायुगदेखिको यो सम्बन्धले आज धर्म, संस्कृति र संस्कारसँगै जीवनशैलीकै रूप लिइसकेको छ।

त्रेतायुगमा आजका सार्वभौम राष्ट्र नेपाल र भारत अहिलेको रूपमा सायद अस्तित्वमा थिएनन्। भारत वर्षभित्र हजारौं साना साना राज्यहरू थिए। त्यसैमध्येको अयोध्या र जनकपुरधाम थिए।

अयोध्याका राजा दशरथका छोरा राम र जनकपुरका राजा जनककी छोरी जानकी (सीता) बीचको विवाहले स्थापित गरेको सम्बन्धको ऐतिहासिक, धार्मिक, सांस्कृतिक र कूटनीतिक आयामहरू छन्। आजको यो आलेख विशेषगरी धार्मिक आयामसँग केन्द्रित छ।

त्रेतायुगमा भगवान् राम र माता सीताबीचको विवाहबाट सुरू भएको यो सम्बन्धले कयौं युग पार गरिसक्यो। अयोध्यामा भगवान श्रीरामको जन्म भयो। जनकपुरमा माता सीताको। माता सीताको जन्मस्थलमा निर्मित प्राचीन मन्दिर आजपर्यन्त कायम छ। तर, अयोध्यामा रहेको भगवान् रामको मन्दिर मुगल आक्रमणकारीले भत्काएर त्यहाँ मस्जिद बनाए।

संयोग नै भन्नुपर्छ राममन्दिरको शिलान्यासपूर्व भूमिपूजन गर्न पुगेका प्रधानमन्त्री मोदीलाई भूमीपूजन गराउने पण्डित नेपाली नागरिक दुर्गाप्रसाद गौतम थिए। तीनै गौतम राम मन्दिरको प्राण प्रतिष्ठा पूजामा मूल पुजारीका रूपमा रहनेछन्।

भगवान् राम र माता सीता एक अर्काका परिपुरक हुन्। एकअर्कोविना यी अधुरा छन्। अयोध्यामा राम मन्दिर बनेसँगै वर्षौंदेखिको यो अपूर्णता अब पूर्ण भएको छ। यो पूर्णतासँगै नेपाल–भारतको सम्बन्धको जरा अझ मजबुत भएको छ। सयौं वर्षदेखिको एउटा अपूर्णता अब पूर्ण भएको छ।

भगवान् रामको जन्मस्थल अयोध्यामा मुगल सम्राट्ले सन् १५२८ मा मस्जिद निर्माण गरे। सन् १८५९ मा ब्रिटिस शासकले तारबार निर्माण गरी मस्जिदभित्र मुस्लिमलाई र बाहिर हिन्दूलाई पूजा गर्ने चलन चलाए। जबकी यो पवित्रस्थल भगवान् रामको जन्मभूमि हो र यहाँ युगौंदेखि राम मन्दिर थियो।

महन्त रघुवर दासले फैजाबादको एक अदालतमा मुद्दा दायर गरेसँगै राम मन्दिर बनाउने संकल्पको सुरूवात् सन् १८८५ मा भएको थियो। तर, यो विषयले आन्दोलनको रूप भने सन् १९४९ मा लियो।

अयोध्यामा भगवान श्रीरामको जन्म भयो। जनकपुरमा माता सीताको। माता सीताको जन्मस्थलमा निर्मित प्राचीन मन्दिर आजपर्यन्त कायम छ। तर, अयोध्यामा रहेको भगवान् रामको मन्दिर मुगल आक्रमणकारीले भत्काएर त्यहाँ मस्जिद बनाए।

सन् १९४९ मा मस्जिदभित्र भगवान् रामका मूर्ति देखिएपछि ती मूर्ति हिन्दूहरूले राखिदिएको शंका गरेर मुस्लिमहरूले विरोध जनाए। त्यसपछि यो विवाद बल्झिएर अदालतमा पुग्यो। विषय अदालत पुगेपछि तत्कालीन सरकारले उक्त स्थान विवादित भन्दै ढोका बन्द गर्‍यो।

अप्रिल १९८४ मा विश्व हिन्दू परिषद्को 'धर्म संसद' राम मन्दिर बनाउने यात्राको महत्वपूर्ण कोसेढुंगा थियो। यही धर्म संसदमा राम मन्दिर बनाउनका लागि निर्णायक आन्दोलन गर्ने तय भयो। यो आन्दोलनको राजनीतिक नेतृत्व भारतीय जनता पार्टी ( भाजपा)ले गर्‍यो।

त्यसबेला साह्रो सानो आकारको भाजपा आज विश्वकै सबैभन्दा ठूलो राजनीतिक दलका रूपमा भारतको नेतृत्व गरिरहेको छ र नरेन्द्र मोदीले जनवरी २२ मा ऐतिहासिक राममन्दिरको प्राण प्रतिष्ठा गर्दैछन्।

यही आन्दोलनको सिलसिलामा सन् १९९० मा भाजपा नेता लालकृष्ण आडवाणीले राम मन्दिरको पक्षमा जनताको समर्थन जुटाउन रथयात्राको नेतृत्व गरे। ३० अक्टोबरमा अयोध्या पुगेको यो र्‍यालीमा लाखौं मानिस सहभागी थिए। ९५ वर्षे बयोबृद्ध नेता आडवाणीका लागि जीवनको सबैभन्दा खुसीको क्षण आउँदैछ।

राम मन्दिर पुनर्निर्माण विवाद बल्झिँदै गयो। अन्ततः १९९२ मा ४ सय वर्षअघि मन्दिर मासेर बनाइएको मस्जिद भत्काईयो। तर, विवाद यहिँ सकिएन्। त्यसपछि लामो समय मन्दिर कि मस्जिद भन्ने विषय अदालतमा चलिरह्यो अन्ततः ९ नोभेम्बर २०१९ मा भारतको सर्वोच्च अदालतले अयोध्यामा राम मन्दिर नै भएको फैसला गर्‍यो। र, राममन्दिर निर्माण गर्न बाटो खुल्यो।

त्यसपछि ५ अगस्ट २०२० मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले राममन्दिरको भूमिपूजा गरे। भूमिपुजनको समयमा प्रधानमन्त्री मोदीले भगवान् रामसँगै नेपालको पनि स्मरण गरेका थिए। त्यतिखेर उनले भनेका थिए, 'नेपालसँग त भगवान् श्रीरामको सम्बन्ध माता जानकी मार्फत जोडिएको छ।'

प्रधानमन्त्री मोदीले माता जानकीलाई सम्झिएको यो पहिलोपटक होइन्। २०७५ मा नेपाल भ्रमणमा रहँदा उनी माता जानकीको जन्मस्थल जनकपुर पुगेका थिए। जनकपुर पुगेर प्रधानमन्त्री मोदीले जनकपुरलाई रामायण सर्किटमा जोडेको घोषणा गरेका थिए।

सन् १९४९ मा मस्जिदभित्र भगवान् रामका मूर्ति देखिएपछि ती मूर्ति हिन्दूहरूले राखिदिएको शंका गरेर मुस्लिमहरूले विरोध जनाए। त्यसपछि यो विवाद बल्झिएर अदालतमा पुग्यो। विषय अदालत पुगेपछि तत्कालीन सरकारले उक्त स्थान विवादित भन्दै ढोका बन्द गर्‍यो।

'भगवान् श्रीरामको आत्मीय सम्बन्ध माता जानकीसँग जोडिएको छ' जनकपुरमा मोदीले भनेका थिए। जानकी मन्दिरबाटै प्रधानमन्त्री मोदी र नेपालका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले जनकपुर आयोध्या बस सेवा पनि सुरू गरेका थिए।

भारतको दश वटा राज्यमा भगवान् राम र सीताको चरण परेका स्थलहरूछन्। यी सबै स्थान जोड्न भनेर भारतले रामयण सर्किट बनाईरहेको छ जसको महत्वपूर्ण हिस्सा हो जनकपुरधाम। रामायण सर्किटले नेपाल र भारतको धार्मिक, सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाउने निश्चित छ। राम मन्दिरको उद्घाटनसँगै रामायण सर्किटले थप गति पाउनेछ जसको फाईदा नेपाली पर्यटन उद्योगलाई हुने निश्चित छ।

गत वर्ष नेपालले हवाइ मार्गबाट १० लाख पर्यटक भित्र्याउन सफल भएको थियो। त्यसमध्ये ३ लाख भारतीय रहेको तथ्यांक रहेको छ। स्थलमार्गबाट आउने भारतीय पर्यटकको संख्या झनै ठूलो छ र उनीहरू धार्मिक पर्यटनकै लागि बढी आउँछन्। रामायण सर्किट सञ्चालनमा आएको खण्डमा नेपालको पर्यटन प्रवर्द्धनका साथै दुई मुलुकको सांस्कृति सम्बन्ध अझै बलियो हुने देखिन्छ।

अयोध्यामा रामको मूर्ति स्थापनासँगै अब यो सर्किट निर्माणको पहल पनि अघि बढ्ने विश्वास गरिएको छ। १७३ किलोमिटरको यस सर्किटले भारतको उत्तर प्रदेश, मध्य प्रदेश र बिहारका धर्मावलम्बीलाई नेपालसँग सहज रूपमा जोड्नेछ। नेपालका पर्यटकहरूले पनि सहज तरिकाले राम र सीतासँग जोडिएका धार्मिक महत्वका स्थानमा सहज पहुँच पाउनेछन्।

नेपालमा रामायण सर्किट अन्तर्गत राम र सीताको पहिलो मिलन भएको गिरिजास्थान, विवाह भएको विवाहमण्डप, स्वयंवर भएको बाह्रबिघा ( रंगभूमि) मैदान, धनुष भाँच्चिएर

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरुवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारूणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# जीवन विकास लघुवित्तले १४ प्रतिशत बोनस दिने निर्णय पारित

विराटनगर। जीवन विकास लघुवित्त वित्तीय संस्थाको साधारण सभाले शेयर धनीलाई वितरण गर्ने बोनस सेयरको प्रस्ताव पारित गरेको छ। आइतबार संस्थाको पाँचौं साधारण सभाले १४ प्रतिशत बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गरेको हो।

आर्थिक वर्ष २०७९/०८० को वितरण योग्य मुनाफाबाट लघुवित्तले १४ प्रतिशत बोनस सेयर पारित गरेको बोनस सेयर प्रयोजनका लागि ०.७३६९ प्रतिशत नगद लाभांश पनि पारित गरेको छ।

जीवन विकासको चुक्ता पूजी एक अर्ब १८ करोड २० लाख ३४ हजार २ सय रुपैयाँको १४ प्रतिशत अर्थात १६ करोड ५४ लाख ८४ लाख सात सय बराबरको बोनस शेयर वितरण गर्नेछ। बोनस सेयर प्रयोजनका लागि ८७ लाख १० हजार ४९८ रुपैयाँ नगद लाभांश दिनेछ। बोनस वितरण पछि संस्थाको चुक्ता पूँजी एक अर्ब ३४ करोड ७५ लाख १८ हजार ९०० रुपैयाँ पुगेको छ।

साधारणसभाले अन्य लघुवित्त संस्थासँगको मर्जर र प्राप्तीका लागि आवश्यक कार्य गर्नका लागि सञ्चालन समितिलाई अधिकार दिने निर्णय पनि गरेको छ।

'लघुवित्तलाई बचाउनु पर्छ'

आइतबार लघुवित्तको साधारण सभा उद्घाटन गर्दै सांसद योगेन्द्र मण्डलले लघुवित्तलाई बचाउनुपर्ने अवस्था आएको बताएका छन्। पछिल्लो समयमा लघुवित्तको विरुद्ध विभिन्न अभियान चलिरहेको बताउँदै उनले यस्तो समयमा सदस्य केन्द्रीत सेवा प्रदान गरेर लघुवित्तलाई जोगाउनु पर्ने बताए।

गरिबी न्यूनिकरणका लागि गाउँ तहमा पुगेको लघुवित्तले नागरिकको आर्थिक र सामाजिक हैसियत उकास्नका लागि महत्वपूर्ण भूमिका खेलेको बताउँदै उनले पछिल्लो समय गलत हल्ला फैलिएको बताए। गलत हल्लाले देशभरका लघुवित्तहरू प्रभावित भएको उनको भनाई छ। जीवन विकासको संस्थापक समेत रहेका मण्डलले भने'अहिले लघुवित्तले त्यस्ता भ्रम चिर्नका लागि समुदायसँग निरन्तर जोडिने कार्यक्रमहरू गर्नुपर्छ।'



संस्थाका सञ्चालक समिति सदस्य गोकर्ण खतिवडाले जीवन विकासले अघि सारेका योजनाहरूलाई जीवन विकास वादको रुपमा विकास गरेर लैजानुपर्ने बताए। समाज सेवाका रुपमा लघुवित्तले आफ्ना विभिन्न कार्यक्रम सुरु गरेको बताउँदै उनले जीवन विकासले सुरु गरेका कार्यक्रमहरूलाई अभियानको रुपमा अघि बढाउन आग्रह गरे।

लघुवित्तका सञ्चालक सदस्य इन्द्रनारायण देव वैश्यले लघुवित्तले सुरु गरेका राम्रा कार्यलाई अघि बढाउनु पर्ने बताए। समुदाय स्तरमा राम्रो काम गर्दा गर्दै लघुवित्तका बारेमा नकारात्मक प्रचार भइरहेको बताए। लघुवित्तलाई सेवामुखी बनाउनु पर्ने बताउँदै उनले सेवालाई थप प्रभावकारी रुपमा अघि बढाउन आग्रह गरे।

सञ्चालक सदस्य प्रकाश कुमार श्रेष्ठले संस्थाले सामाजिक उत्तर दायित्व सहितको राम्रा कामलाई विस्तार गर्दै लैजानुपर्ने बताए। अर्का सदस्य श्यामचन्द्र खतिवडाले सामाजिक सेवा गर्ने उद्देश्यले स्थापित संस्था भएका कारण सेवाको क्षेत्रलाई बढाउन जोड दिए। सामाजिक सेवाको कार्य गर्ने संस्थालाई सबैले सहयोग गर्नुपर्ने उनको भनाई छ।

लघुवित्तको प्रवर्दक संस्था जीवन विकास समाजकी अध्यक्ष रिवोलदेवी मण्डलले लघुवित्तको क्षेत्रमा देखिएको समस्या समाधान गर्न सबै ध्यान दिनुपर्ने बताइन्। समाज र राज्यका निकाय मिलेर अघि बढेमात्रै समुदाय स्तरमा देखिएका समस्या समाधान हुने उनको भनाई छ।

महिला सामुदायिक विकास केन्द्रकी प्रमुख मिरा देवले लघुवित्तले सामाजिक सेवा गर्ने उद्देश्यले काम गरिरहेको आफूले पाएको बताइन्। लघुवित्तका सञ्चालक अशोक सिटौलाले सामाजिक विकासको लक्ष्यसहित अघि बढेको संस्थाले सबैले साथ दिनुपर्ने बताए। सञ्चालक सदस्य सोनिला शाक्यले लघुवित्तले समाजमा राम्रा काम गरेको बताइन्।

जीवन विकास लघुवित्त वित्तीय संस्थाका अध्यक्ष विक्रमराज सुवेदीले विश्वव्यापी आर्थिक मन्दी र समुदायमा बैंक तथा वित्तीय संस्थाहरु विरुद्धको गतिविधिले गर्दा गत वर्ष चुनौतिपूर्ण रुपमा वितेको बताए।

राष्ट्र बैंकको एक व्यक्ति एक बैंकको नीतिको कारण वित्तीय संस्थाहरुले आवश्यकता अनुसार ऋण लगानी गर्न नसकेको बताउँदै उनले बैंकको किस्ता तिर्नु हुँदैन भन्ने केही व्यक्तीको असोभनिय अभिव्यक्तिका कारण संस्थालाई असर पुगेको बताए। यद्धपि विपन्न तथा असहाय परिवारलाई आयमुलक कार्यमा सामेल गराई सहयोग गर्ने लघुवित्तको काम प्रभावकारी रुपमा अघि बढेको उनले बताए।

लघुवित्तका प्रमुख कार्यकारी अधिकृत संजयकुमार मण्डलका अनुसार २४ जिल्लामा फैलिएको लघुवित्तमा ३ लाख ४ हजार सक्रिय सदस्य छन। ती सदस्यको १० अर्ब ३ करोड १८ लाख निक्षेप लघुवित्तमा छ। २२ अर्ब ३७ करोड १७ लाख कर्जा प्रवाह गरेको लघुवित्तले आर्थिक वर्ष २०७९/८० मा ३४ करोड २० लाख खुद मुनाफा गरेको उनले जानकारी दिए।

मण्डलले गरिबि रहित नेपालको परिकल्पना सहित लघुवित्तले काम गरिरहेको बताए। समुदाय स्तरमा पुगेका वित्तीयसँगै डिजिटल र सामाजिक सेवाहरू पनि सञ्चालन गर्दै आएको उनले जानकारी दिए।

बेरोजगारीको समस्या न्यूनिकरण गर्ने उद्देश्यसहित वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई लक्षित गरी उद्यमशीलतामा जोड दिएको बताए। पछिल्लो समय लघुवित्त विरोधी अभियानका कारण देखिएको समस्या विस्तारै समाधान हुने क्रममा रहेको उनले बताए।


## वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं।

अर्जुन गिरी (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. १० को कार्यालय


## छोरी जन्माउने आमालाई पारस हस्पिटद्धारा प्रोत्साहन भत्ता

विराटनगर। "छोरी बचाउ आमा बचाउ" अभियान अन्तर्गत छोरी जन्माउने आमालाई १ हजार प्रोत्साहन भत्ता दिने विराटनगरको पारस मल्टीस्पिसियालिटी हस्पिटलले घोषणा गरेका छन्।

पारस होस्पिटलका वरिष्ठ जेनरल एवं ल्याप्रोस्कोपी सर्जन डा. सफिउर रहमानले पत्रकार सम्मेलन गरी हस्पिटल सबैको साझा हस्पिटल बनोस भन्ने उद्देश्यका साथ हामीले गरिब दुखि तथा असाहयहरुलाई निरन्तर उपचार सहयोग गर्दै आएको र आजै देखि लागु हुने गरी "छोरी बचाउ आमा बचाउ" अभियान अन्तर्गत निशुल्क डेलिभरी तथा निशुल्क शाल्यक्रिया संचालन ल्याएको बताए।

अभियान अन्तर्गत नर्मल डेलिभरीमा छोरा वा छोरी दुबैमा आमालाई निशुल्क गर्ने व्यवस्था छ भने शाल्यक्रिया गरि छोरी पाउने आमालाई निशुल्क सेवा प्रदान गरि सो आमालाई १ हजार प्रोत्साहन भत्ता दिनुका साथै बच्चाको लागि १ हजारको सुविधा कार्ड लिएमा बच्चाको लागि एक वर्षसम्म ओपिडी फ्रि अन्य जाँचहरुमा २५ प्रतिशत छुट र औषधीमा १० प्रतिशत छुट दिने व्यवस्था गरेको डा.रहमानले जानकारी गराए।

त्यसैगरी गरिब, दलित तथा असासहयहरुलाई जेनेरल बेडमा ५० प्रतिशत छुट र अप्रेसन तथा अन्य जाँचहरुमा २५ प्रतिशत छुट दिने भएको छ।

महेन्द्र चोकमा रहेको पारस हस्पिटल डा. रहमानले सञ्चालनमा ल्याएको हो। हाल ५० बेडको हस्पिटल निकट भविष्यमै १ सय बेडको स्वीकृती लिई सेवा वितार गर्ने भएको छ। पारस हस्पिटलमा जेनरल एवं ल्याप्रोस्कोपी, स्त्री तथा प्रसुती सेवा, हार्ड जोर्नी तथा नशा रोग, फिजिसियन सेवा र डेण्टल समेतको सेवा प्रदान गर्दै आएको हस्पिटलका प्रवन्ध निर्देशक हेमनारायण मेहताले बताए।

## बढी नून खाँदा रोगको खतरा

केही दिन नुन खान पाइएन भने मान्छे झोक्राउन थाल्छ। शरीरमा आलस्यता बढ्दै जान्छ। खाना मिठो लाग्नै छाड्छ। तपाईंलाई तरकारीमा कम नुन मन पर्छ कि धेरै ?

कतिपय मानिसहरु नुन कम भएको तरकारी खाने सक्दैनन्। भागमा थपेर भएपनि नुन खान्छन्। तर नुन भन्ने चिज ठिक्क खानु पर्छ। के तपाईंलाई थाहा छ ? विश्वभर धेरैजसो मानिसहरु आवश्यकता भन्दा धेरै नुन खाइरहेका छन्। यसको असर उनीहरुको स्वास्थ्यमा पनि परिरहेको छ।

धेरै नुन खानु प्राणघातक हुन सक्छ। विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)का अनुसार अधिकांश मानिसहरु दैनिक रुपमा खानु पर्नेभन्दा दोब्बर धेरै नुन खाइरहेका छन्। यो निकै खतरनाक साबित हुन सक्ने डब्ल्यू एचओको भनाई छ। तर धेरैजसो मानिसहरुलाई आफूले खानु पर्नेभन्दा धेरै नुन खाइरहेको छु भन्ने नै थाहा छैन। तपाईंले पनि खानामा धेरै नुन त खाइरहनु भएको छैन ? छ भने यो बानीलाई तत्कालै फेर्नुस्।

डब्ल्यूएचओको रिपोर्टका अनुसार वयस्कहरुले दिनमा १० दशमलव ७८ ग्राम नुन खाइरहेका छन्। यो भनेको दुई चम्चा बराबर हो। यसमा ४ हजार ३१० मिलिग्राम सोडियम हुन्छ। यो चाँहि दैनिक आवश्यकताको करिब दुई गुणा धेरै हो। यो मात्रामा नुन खानु स्वास्थ्यको लागि निकै खतरनाक हुन्छ। धेरै मात्रामा नुन खाँदा मानिसहरुमा प्राणघातक रोगको खतरा बढ्छ। डब्ल्यूएचओका अनुसार सबै वयस्कले दिनभरमा २ हजार मिलिग्राम सोडियम सेवन गर्नु पर्छ। एक चम्चा (५ ग्राम) नुनमा यति सोडियम पाइन्छ। अर्थात् तपाई वयस्क हुनुहुन्छ भने दिनभरमा तपाईंले एक चम्चाभन्दा धेरै नुन खानु हुन्न।

धेरै नुन खाँदा वर्षेनी १९ लाख मान्छेको मृत्यु

विश्वभर वर्षभरिमा १८ लाख ९० हजार मान्छेको मृत्युको कारण धेरै नुन सेवन हो। चाहिनेभन्दा बढी सोडियमका कारण करोडौं मान्छेहरु गम्भीर रोगको सिकार भइरहेका छन्। नुन खाएर के हुन्छ र भन्ने धेरैलाई लागिरहेको हुन सक्छ। तर यो उनीहरुको सबैभन्दा ठूलो भ्रम हो। शरीरमा आवश्यकता भन्दा धेरै सोडियम हानिकारक हुन्छ। धेरै नुन खानु कसैको लागि पनि फाइदाजनक छैन।

नुन धेरै खाँदा तपाईंलाई उच्च रक्तचाप, मुटुसम्बन्धी रोग, ग्यास्ट्रिक क्यान्सर, मोटोपना, किड्नीसम्बन्धी रोग, अस्टियोपोरोसिस जस्ता कयौं गम्भीर रोग लाग्न सक्छ, यी रोगको खतरा बढ्न सक्छ। ऐजेन्सीबाट


तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर

बिरामीहरुको लागि खुशीको खबर !!

ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७, ९८१३३५४४७५

1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc....

निःशुल्क सुगर जाँच

यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ।
समयः बिहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म।


बेटाबेटी मे भेदभाव नै करू, दोनोके स्कूल भेजु।

# कुल देवताको पुजापाठ गरी बाँतर (सरदार) समुदायले मनाए भव्यरुपमा माघे संक्रान्ति पर्व



बाँतर सरदार समुदायलले आ-आफ्नो गाउँ टोलमा समूह बनाई कुलदेवतालाई सुगुर वा खसीको बली दिने चलन छ । फोटो : मंजु

विराटनगर। नेपालको खास गरी तराई मधेश क्षेत्रमा बसोवास गर्ने बाँतर सरदार समुदायले आफ्नो कुल देवताको पूजापाठ गरी माघे संक्रान्ति पर्व भव्यताका साथ मनाएका छन् ।

बाँतर सरदार समुदायलले आ-आफ्नो गाउँ टोलमा समूह समूह कुलदेवताको पूजापाठ गरी विभिन्न मनोरंजनात्म नाच गानको आयोजना गरी देशैभरी माघेसंक्रान्ति पर्व धुमधामका साथ मनाएका छन् । सोही अवसर पारेर मोरङको कटहरी गाउँपालिका-५ स्थित मोध्रहामा रहेका बाँतर सारदार समुदायहरुले आफ्नो धर्म संस्कृति संरक्षण गर्ने उदेश्यले तिल, च्यूरा, भूजाको लड्डु, पानफूल, सूपाडी, तुलसीको पात, लगायत सामग्रीले सामूहिक पूजापाठ गरी कुलदेवतालाई सुगर र खसीको बलि दिएर माघेसंक्रान्ति पर्व धुमधामका साथ मनाएका छन् ।

माघेसंक्रान्तिका दिन बाँतर सरदार समुदायहरुले आफ्नो कुल देवतालाई पूजा-आजा गरी सरदार (मुखिया) को घरमा गई गाउँका पैरजनहरु मिलेर गेंड सिंहलाई सामुहिक पूजा-आजागरी माघेसंक्रान्ति पर्व मनाउने परम्परा रहेको छ । संदियौदेखि बाँतर जातिका मानिसहरुले हिन्दु रितीरिवाज अनुसार माघ १ गते माघेसंक्रान्तिका दिन सरदार (मुखिया) को घरमा सामूहिक पूजा गर्ने चलन रहेको बाँतर जातिका अगुवा बविता सरदार बाँतर र फुदी सरदारले वताए ।

पूजा सम्पन्न भएपछि सवै पैरजन सदस्यहरुलाई प्रसादको रुपमा सुगुरको मासु बाँड्ने र सरदार (मुखिया) को घरमा मासुको परिकार बनाई सामुहिक भोज खाने प्रचलन रहेको छ । बाँतर सरदार जातिका कुलदेवता गेड सिंह सरदारलार्य मान्दै आएका छन् ।

गेंड बाबा चमत्कारी थिए । “जहाँ दुःख त्यहाँ चमत्कारी गेंडबाबा” सुख दिन उनी चमत्कारी रुपमा देखा पर्ने गर्थे यस सम्बन्धमा एउटा भनाई प्रचलित छ । बाँतर समुदायका मानिसहरुले शिकार गर्ने क्रममा अषाढ मसान्तमा निल गाई मारेका थिए । त्यही निल गाई मारेकाले गौहत्या लाग्ने डरले महराज गेड सिंह सरदारको शरणमा पुगेर आफूहरुलाई गौहत्याको पापबाट मुक्त पार्नका लागि अषाढ १ गते गर्ने पूजालाई माघ १ गते बाँतर जातिले माघेसंत्रान्तिको अवसरमा पूजा गर्न थालेको नेपाल बाँतर सरदार समाज कल्याणकारणी सममितिका केन्द्रीय सचिव शुभाष सरदार र मोरङ सभापति गयान्नद सरदार, युवा सभापति अनिल सरदारले वताए ।

नेपाल बातर सरदार कल्याणकारी समाज केन्द्रिय अध्यक्ष मोहनलाल सरदारका अनुसार पृथ्वी नारायण साहले २२ र २४ राज्यलाई एकिकरण गर्नु भन्दा पहिले उदयपुगढीमा बसोवास गरेका बाँतर सरदार समुदायका मानिसहरुले शिकार खेल्न गएका थिए । भूलबस शिकार गर्दा नील गाई मारेका थिए । निलगाई मारेको आरोपमा प्रहरी प्रशासनले कारवाही गरी मुद्दा चल्ने डरले निलगाईको टाउँको सेतो कपडा छोपेर गाउँलेहरु झल्लु सरदार र भागो देवी सरदारको छोरा गेंड सिंह सरदारको घरमा गई बचाई दिनुपर्‍यो भनेर विन्ती गरेपछि प्रहरी प्रशासन आएर नीलगाईको टाउँको उघारेर हेर्दा सुगुरको टाउँको निष्केपछि ती समुदायले सोही दिन देखि सुगरको बलि दिएर माघेसंक्रान्ति मनाउने चलन चलेको वताए ।

मृत नीलगाईलाई सेतो कपडाले छोप्न लगाउने गेंड सिंह थिए । निल गाई ठूलो सुगुरको रुपमा परिणत भयो र त्यसपछि गौहत्या नभइ सुगुर हत्या भएको पुष्टि भएपछि बाँतर जातिलाई पापबाट कुलदेव गेंड सिंह बाबाले मुक्त गरी दिएको भनाई छ । त्यही दिनदेखि महाराजलाई आफ्नो पुर्खाको रुपमा मानी गेंडसिंको पुस्तादेखि गेड सिंहको पूजा गर्ने चलन रहेको नेपाल बातर सरदार कल्याणकारी समाज केन्द्रिय सचिव पत्रकार पदम सरदारको भनाई छ ।

आफ्नो घरपरीवारमा सुख शान्तिको कामना गरी वर्षभरी राम्रो दिन रहोस भनी माघेंसंत्रान्ति पूजासंगै बाँतर जातीको भेषभुष झल्कने सांस्कृति कार्यक्रम समेत प्रस्तुत गरेका थिए । माघेसंक्रान्ति कुन जातिले मनाउने पर्व हो । अहिले सम्म सरकारले सुचिकृत गर्न सकेको छैन् । माघेसंक्रान्ति पर्व बाँतर सरदार समुदायले मनाउने पर्वको रुपमा सुचीकृत गरी दिन बाँतर सरदार समुदायको अगुवाहरुले माग गरेका छन् ।

## त्यागेपछि मात्र असल समाज

विराटनगर। कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले समाजका सदस्यहरूले लोभ त्याग गरेपछि मात्रै असल समाजको निर्माण हुने बताएका छन् ।

हलुवाइ साह समुदायको कूल देउता बाबा कंगाली शिबदत्त देवको पूजनोत्समा बर्जु गाउँपालिका-२ बेलगछियामा सोमबार मुख्यमन्त्री कार्कीले लोभले नभई निःस्वार्थ मनले असल समाज बन्ने गरेको बताएका हुन् । ‘समाजमा अहिले स्वार्थमा लिप्त भएका व्यक्तिहरूको कारण समाज पछि परेको छ,’ उनले भने, ‘अहिलेसम्म हुँदै आएको भौतिक विकासले परम्परागत समाज परिवर्तन नभएकाले चालू आर्थिक वर्षको बजेटबाट मानवीय विकास सुरू गरेका छौं ।’

प्रदेश सरकारले प्रत्येक पालिकामा गरीव र विपन्न परिवारका १/१ जना विद्यार्थीलाई छोराछोरी पशु र कृषि प्राविधिक निःशुल्क पढाउन सूरू गरिसकेको मुख्यमन्त्री कार्कीले बताएका हुन् । ‘गरीव परिवारका जेहेन्दार विद्यार्थीको चिकित्सा शिक्षा र इञ्जिनियर पढ्ने सपना पैसा अभावमा अब अधुरो रहँदैन,’ उनले भने, ‘त्यसको लागि प्रदेश सरकारले छात्रवृतिको व्यवस्था गरेको छ । चालू आर्थिक वर्षबाट नै छात्रवृतिमा एमबीबीएस र इञ्जिनियर पढाउन सुरू गरिरहेको छ ।’

प्रदेशभरिका १० वर्षमुनिका

वांकी अन्तिम पेजमा...

## सुरक्षित सडक अभियान शुरू

विराटनगर । कोशी प्रदेशमा अनुसाशित चालक, सुरक्षित सडक अभियान शुक्रवार सुरु गरेका छन् ।

प्रदेश सरकारले मोरङ र झापाबाट ’अनुसाशीत चालक, सुरक्षित सडक’ अभियानको शुरूवात गरेको हो । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले विराटनगर स्थित रानी र नेमुवामा एक कार्यक्रमको आयोजना गरी अभियानको शुरुवात गरेका छन् ।

कोशी प्रदेशभरिका सवारी चालकहरुको लागुऔषध तथा मादक पदार्थ सेवनका साथै आँखा जाँच अभियान सुरु गरिएको हो । ‘यो अभियानले नागरिकको जीवन बचाउ अभियानका रुपमा सुरु गरेका छौं,’ उनले भने, ‘बिना कारण सवारी दुर्घटनाबाट प्रदेशमा धेरैले अकालमा ज्यान गुमाईरहनुका साथै घाइतेको तथाङ्क पनि बढिरहेकाले सरकार गम्भीर भएर यो अभियान सुरू गरेको हो ।’

मुख्यमन्त्री कार्कीले सडकमा यात्रा गर्दा अनुसाशित भएर नियमको पालना गर्न प्रदेशवासीलाई आग्रह गरेका छन् । ’हामीले अस्पताल गएर उपचार गराउने भन्दा पनि अस्पताल नै जाने अवस्था कसरी अन्त्य गर्नु भन्ने तर्फ जानू पर्दछ,’ उनले भने ’लापसे र मापसेले ज्यान गुम्छ त्यसैले यसको नियन्त्रणका लागि हामीले नागरिकको ज्यान जोगाउने अभियान सुरु गरेका हौं ।’

लागू पदार्थ तथा मादक पदार्थ सेवन गरेको नगरेको जाँच गर्ने कीट हस्तान्तरण गर्दै मुख्यमन्त्री कार्कीले चेक जाँच कार्य नियमित गर्न प्रहरी अधिकृतहरूलाई निर्देशन समेत दिएका छन । ‘कानुन दण्ड गर्ने माध्यम मात्रै होइन, यो अनुसाशन सिकाउने माध्यम पनि हो,’ उनले भने, ’हामीले कानुनलाई दण्डको रुपमा मात्र लिनु हुन्न, यसको पालना गर्न सकिएमा समाज सभ्य बन्छ ।’ नियममा बस्न सकिएनौं भने सरकारले कानूनी कारवाही गरेर नियम पालन गराउने मुख्यमन्त्री कार्कीले बताएका छन् ।

लापसे मापसे गरेर सवारी चलाउँदा दुर्घटना मात्रै नभई स्वास्थ्यमा समेत गम्भीर समस्या उत्पन्न हुने भएकाले त्यसको सेवन रोक्नुको विकल्प नभएको मुख्यमन्त्री कार्कीले बताएका हुन् ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सडक, चालकका साथै नागरिकको सुरक्षाका लागि प्रदेशभरि सडक सुरक्षा अभियान सुरु गरेको उक्त मन्त्रालयका मन्त्री समशेर राईले बताएका छन् । कोशी प्रदेशमा दैनिक औसत ८ वटा दुर्घटनाको घटना हुने गरेको ट्राफिक प्रहरीको तथ्यांक छ । जसमा सरदर एक जनाले ज्यान गुमाउनुका साथै २ जना गम्भीर घाइते र १० जना सामान्य घाइते हुने गरेको ट्राफिक प्रहरीले वताए ।

## धनकुट्टामा ट्राफिक व्यवस्थापनका लागि नयाँ नियम

विराटनगर । ट्राफिक व्यवस्थापनका लागि धनकुटा बजारमा आजबाट नयाँ नियम लागु गरिएको छ । बजारमा बढ्दै गएको सवारी चाप व्यवस्थापन का लागि धनकुटा नगरपालिकाले पार्किङ, अटो स्टेण्ड, यात्रु चढाउने/ओराल्ने र सामान लोड/अनलोड सम्बन्धी नयाँ नियम लागु गरेको हो ।

मदनचोकदेखि भीमनारायण चोकसम्म दोहोरो पार्किङ निषेध गरिएको छ । दुई पाङ्गे सवारी साधनलाई बारको आधारमा एकोहोरो पार्किङको व्यवस्था गरिएको छ । आइतबार, मंगलबार र बिहीबार सडकको पूर्वतर्फ र सोमबार, बुधबार र शुक्रबार पश्चिमतर्फ पार्किङ गर्ने नियम बनाइएको छ ।

अटोसहितका तीनपाङ्गे सवारी साधनले बजारका जुनसुकै क्षेत्रमा रहेर यात्रु कुर्न गर्न नपाउने भएका छन् । उनीहरूको पार्किङ क्षेत्र त्रिवेणी चोक, परिचयमोड र बसपार्कलाई तोकिएको छ । साना चारपाङ्गे सवारी साधनले बजारमा यात्रु चढाउन र ओराल्न मात्र पाउनेछन् । सामान लोड/अनलोडको पनि समय निर्धारण गरिएको छ । मालबाहक साधनले बिहान ९ देखि १०:३० र बेलुका ३:३० देखि ५:३० बजे बाहेकको समयमा मात्र सामान लोड/अनलोड गर्न पाउनेछन् ।

धनकुटा बजारमा यसअघि ट्राफिक व्यवस्थापनको बेग्लै नियम थिएन । बजार क्षेत्रमा साँघुरो सडक र बढ्दै गएको सवारी चापका कारण सवारी आवतजावतमा समस्या देखिन थालेपछि व्यवस्थापनका लागि नयाँ नियम लागु गरिएको धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङ बताउँछन् । ‘बजारको सडक साँघुरो छ, गाडीहरू बढिरहेका छन्, त्यसमाथि सडक को दुवैतर्फ पार्किङ गरिदिनाले आवतजावतमा समस्या हुन थालेपछि नयाँ नियम लागु गरेका छौं,’ मेयर तामाङले भने, ‘यो नियमले सवारी आवतजावत केही हदसम्म सहज हुन्छ भन्ने लागेको छ ।’

नगरपालिकाले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयसँग समन्वय गरेर सवारी व्यवस्थापनको प्रयास थालेको हो । यसअघि प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेल, धनकुटा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दशरथ राईसहितको टोलीले ट्राफिक व्यवस्थापनका

वांकी अन्तिम पेजमा...

वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

तिर्थेन्द्र न्यौपाने (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. ११ को कार्यालय

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक

## राम मन्दिर...

खसेको धनुषाधामलगायत रामायण सित जोडिएका स्थलहरूलाई पर्यटकीय केन्द्रका रूपमा विकास गरेर रामायण सर्किट यात्रामा निस्किएका भारतीय पर्यटकलाई ल्याउन सकिन्छ ।

भारतीय प्रधानमन्त्री मोदी आफैं पुगेको उनले चर्चा गरेको ठाउँ भएकाले पनि जनकपुरमा भारतीय पर्यटक आउनेछन् । यसले हाम्रो पर्यटन उद्योगसँगै जनस्तरमा रहेको हाम्रो सम्बन्ध थप मजबुत बनाउन मद्दत पुग्नेछ । त्रेता युगदेखि शुरू भएको नेपाल-भारत सम्बन्धमा राम मन्दिर कोशे ढुंगा सावित हुनेछ ।

अयोध्याले नेपाललाई सांस्कृतिक रूपमा मात्रै नभएर आर्थिक रूपमा पनि जोड्दैछ । अयोध्यामा भगवान् रामको मूर्ति स्थापनासँगै त्यहाँ आउने दर्शनार्थी पक्कै बढ्नेछन् । उनीहरूलाई सुविधा दिनका निम्ति त्यहाँ हाल रहेका वासस्थानमात्रै पर्याप्त भने छैनन् । यसलाइ मध्येनजर गर्दै नेपालका व्यापारी हरूले त्यहाँ होटल सञ्चालनका लागि प्रयास गरिरहेको भारतका लागि नेपाली राजदूत शंकर शर्माले बताएका छन् ।

अन्ततः १९९२ मा ४ सय वर्षअघि मन्दिर मासेर बनाइएको मस्जिद भत्काइयो । तर, विवाद यहिँ सकिएन् । त्यसपछि लामो समय मन्दिर कि मस्जिद भन्ने विषय अदालतमा चलिरह्यो अन्ततः ९ नोभेम्बर २०१९ मा भारतको सर्वोच्च अदालतले अयोध्यामा राम मन्दिर नै भएको फैसला गऱ्यो । र, राममन्दिर निर्माण गर्न बाटो खुल्यो ।

यो सम्बन्ध जनस्तरसम्मै झाँगिने छ । किनभने राम र सीतालाई सामान्यतया हिन्दूहरूले भगवान्को रूपमा मान्ने गरे तापनि यी दुई पवित्र स्थलका जनसुमदायले भने यीनलाई परिवारको सदस्यका रूपमा हेर्ने गर्दछन् । जनकपुरधाम क्षेत्रमा सीतालाई चेलीबेटीका रूपमा लिइन्छ र किशोरी जी भनेर सम्बोधन गरिन्छ । त्यसैगरी अयोध्यामात्र नभई सम्पूर्ण अवध क्षेत्रमै मर्यादा पुरुषोत्तम भगवान् श्री रामलाई रामललाई सम्बोधन गरिन्छ ।

आ-आफ्ना आराध्यसँग लौकिक प्रकृतिको आत्मीयताले गर्दा दुवै क्षेत्रका आमजन समुदाय अहिले पनि परस्पर एक-अर्कालाई कुटुम्बको रूपमा व्यवहार गर्ने गर्दछन् । अयोध्यातिर मिथिलाको परिचय बोकेर पुगेका मानिसलाई सालोको साइनो गाँसिन्छ । जनकपुरधाम क्षेत्रमा अयोध्याका


अयोध्याको नवनिर्मित राम मन्दिर

मानिसलाई ज्वाइँ भनेर सम्बोधन गरिन्छ । सम्बन्धको यो विराटता राम मन्दिरको अभावमा अपूरो जस्तो भएको थियो । तर, अब यो सम्बन्धले पूर्णता पाएको छ । यो पूर्णतामा भारतवासीसँगै नेपाली पनि उत्तिकै खुसी छन् । ज्वाइँको घर निर्माण भएको र ज्वाइँ घर फिरेको भन्दै जनकपुरका नारीहरू हर्ष मानिरहेका छन् ।

गत वर्ष नेपालले हवाई मार्गबाट १० लाख पर्यटक भित्र्याउन सफल भएको थियो । त्यसमध्ये ३ लाख भारतीय रहेको तथ्यांक रहेको छ । स्थलमार्गबाट आउने भारतीय पर्यटकको संख्या झनै ठूलो छ र उनीहरू धार्मिक पर्यटनकै लागि बढी आउँछन् । रामायण सर्किट सञ्चालनमा आएको खण्डमा नेपालको पर्यटन प्रवर्द्धनका साथै दुई मुलुकको सांस्कृति सम्बन्ध अझै बलियो हुने देखिन्छ ।

राम र सीताको विवाहको सम्झनामा अहिले पनि हरेक वर्ष विहपञ्चमीमा अयोध्याबाट जन्ती जनकपुर आउँछन् । जुन अवसरमा त्रेतायुगीन घटनाको पुनरावृत्ति गर्दै अयोध्याबाट जनकपुर आउने जन्तीमा हजारौंको संख्यामा मानिस सहभागी हुने गर्दछन् र जनकपुरमा मिथिला परम्परा अनुसार सातदिने सीता-राम विवाह अनुष्ठान सम्पन्न गरिन्छ ।

संयोग नै भन्नुपर्छ राम मन्दिरको शिलान्यासपूर्व भूमि पूजन गर्न पुगेका प्रधानमन्त्री मोदीलाई भूमीपूजन गराउने पण्डित नेपाली नागरिक दुर्गाप्रसाद गौतम थिए । तीनै गौतम राम मन्दिरको प्राण प्रतिष्ठा पूजामा मूल पुजारीका रूपमा रहनेछन् ।

राम मन्दिरको भूमिपूजनमा माता सीताको जन्मभूमि जनकपुरको माटो, जल र चाँदीका ईँटासँगै जनकपुरधामबाट जानकी मन्दिरका महन्त रामतपेश्वर दाससमेत सहभागी भएका थिए । अयोध्यामा राम मन्दिर शिलान्यासको हर्षमा जनकपुर मा दीपावली मनाइयो ।

५ अगस्ट २०२० मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले राममन्दिरको भूमिपूजा गरे । भूमिपुजनको समयमा प्रधानमन्त्री मोदीले भगवान् रामसँगै नेपालको पनि स्मरण गरेका थिए । त्यतिखेर उनले भनेका थिए, 'नेपालसँग त भगवान् श्रीरामको सम्बन्ध माता जानकी मार्फत जोडिएको छ ।'

सम्बन्धको यो प्रगाढतामा राम मन्दिरले रंग थपेको छ । नेपाल र भारतबीचको धार्मिक सम्बन्धलाई अझ आत्मीय बनाएको छ । विसं २०७५ मा मोदीले जनकपुरबाट भनेका थिए 'अयोध्या र जनकपुरको नाता अटुट छ, अविष्मरणीय छ ।' यो नाता अब झन प्रगाढ बनेको छ ।

राम-सीताको सिको गर्दै सीमा वारि र पारि विवाहको परम्परा अझै कामयै छ । यसलाइ रोटी-बेटीको सम्बन्धका रुपमा पनि व्याख्या गरिँदै आएको छ । अयोध्याले अब नेपाल र भारतको सम्बन्धलाइ सांस्कृतिक र आर्थिकरूपमा थप सबल बनाउने देखिन्छ । अयोध्यामा भगवान् रामको मूर्ति स्थापनासँगै जनकपुर अयोध्या बीचको भगिनी सम्बन्धलाई थप मबजुत बनाउन र यी दूई सहरलाइ विशेषरूपमा जोड्नका निम्ति पहल भइरहेको छ ।

प्रधानमन्त्री मोदीले जनवरी २२ मा अयोध्यामा राम मन्दिरको प्राण प्रतिष्ठा गर्नेछन् । सो समारोहमा नेपालबाट पनि ५०० जना अतिथि सहभागी हुने निश्चित भइसकेको छ । ऐतिहासिक र सांस्कृतिक महत्व बोकेको अयोध्या मन्दिरको भूमिपूजनदेखि नै नेपाललाई भारतले विशेष प्राथमिकता दिएको छ ।

भूमिपूजनदेखि प्राण प्रतिष्ठा सम्म नेपाली पूजारी राखिनु । कालिगण्डकीको शिला लगिनु । भूमिपूजनमा जानकी मन्दिरबाट माटो, जल र इँटा लगिनु । प्रधानमन्त्री मोदीले बारम्बार माता सीता र नेपालको स्मरण गर्नुले नेपाल भारत सम्बन्धमा अयोध्याको महत्व दर्शाउँछन् । राजनीति सीमाले दूई देश छुट्याएपनि नेपाल भारत सांस्कृति, ऐतिहासिक दृष्टिले समान छन् । अयोध्याले हाम्रो धार्मिक, सांस्कृतिक सम्बन्धलाई नयाँ उचाई प्रदान गरेको छ । नेपाल प्रेस अनलाईनबाट सभार ।

# नेताहरूलाई चन्दा दिएर मगन्ते नबनाउन आग्रह

विराटनगर । राजनीतिक दलका नेताहरुलार्य चन्दा दिएर मगन्ते नबनाइ दिन कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले गैर आवासीय नेपाली संघलाई आग्रह गरेका छन् ।

गैर आवासीय महासंघद्वारा बुधबार आयोजित प्रदेश सरकारलाई रगत संकलन मोवाइल बस हस्तान्तरण कार्यक्रममा मुख्यमन्त्री कार्कीले संघले नेताहरूलाई चन्दा दिने काम तत्काल बन्द गरिदिन आग्रह गरेका हुन् । गैर आवासीय नेपाली संघले प्रविधि र सीप दिने हो, नेतालाई चन्दा दिएर मगन्ते बनाउने होइन, उनले भने, चन्दा दिएर नेता र देश बिगार्नु भन्दा देशको अर्थतन्त्र मजबुत बनाउन उद्योग लगाउनु आवश्यक छ ।

अहिले विदेशमा गएर श्रम गर्न जानेहरूलाई नयाँ पार्टी र पूराना पार्टीका नयाँ नेताहरूले एयरपोर्टमा फोटो खिचेर अपमान गर्छन् तर उनीहरूसँग नै विदेशमा चन्दन माग्न जाने गरेको प्रति मुख्यमन्त्री कार्कीले आपत्ति जनाएका हुन् । गरीवले विदेशमा महंगो मूल्यमा श्रम बेच्न जाँदा अपमान र हुनेखाने वर्गले आफ्ना छोराछोरीलाई यूरोप पठाउँदा सम्मान हुने चलन रहेसम्म देश विकास हुँदैन उनले भने, सबैको आ-आफ्ना श्रम, सीप र शक्ति हुन्छ । श्रम जहाँ महँगो बिक्छ त्यहाँ बेच्न पाउनु पर्छ । वकिलको श्रम सेवा र मजदुरको श्रम मजदुरी हुँदैन । सबै काम बराबर हुन्छ । अपमान गर्नु हुँदैन ।

गैर आवास नेपाल संघले प्रविधि र सीप लिएर आए कोशी सरकारले पूँजी दिएर उद्योग स्थापनाका लागि कोशी सरकार तयार रहेको मुख्यमन्त्री कार्कीले बताएका हुन् । कोशी प्रदेश सरकार उद्योग र उद्योगी मैत्री प्रदेश हो, उनले भने, त्यसैले कोशीमा तपाई सीप र प्रविधि लिएर आउनुहोस् पूँजी सरकारले दिन्छ । उद्योगीको सम्पूर्ण सुरक्षाको जिम्मा कोशी सरकारले लिन्छ ।

सरकार र व्यवसायी साझेदारी भन्न मिल्छ ? भन्दै उनले प्रश्न गरेका हुन् । सरकार विना व्यवसाय र व्यवसाय विना सरकार हुन सक्छ ? मुख्यमन्त्री कार्कीले भने, व्यवसायीले कर तिरेपछि सरकार सञ्चालन हुन्छ र व्यवसायीको समस्या सरकारले निवारण गर्ने भएको दुबै एक अर्कामा आश्रित छ । कुनैपनि देश बन्न साझा एकता चाहिन्छ, विदेशीलाई प्रतिबन्ध लगाएर देश विकास हुन्छ ? भन्दै मुख्यमन्त्री कार्कीले प्रश्न गरेका हुन् । विदेशबाट आउने कम्पनि र बिदेशबाट आउने नेपालीलाई लुटन खोज्ने प्रवृति रहुञ्जेल देश समृद्ध नहुने वहाँको भनाइ थियो ।

किरात सभ्यता यो प्रदेशको पहिलो पहिचान भएको मुख्यमन्त्री कार्कीले बताएका हुन् । यहाँका पहिचान पक्षधरको माग र मुद्दा सम्वोधनका लागि वार्ता गर्न प्रदेश सरकार तयार छ, उनले भने, छिटोभन्दा छिटो वार्ता गरेर पहिचान पक्षधरको पहिचान स्थापित गराउने योजना कार्यान्वयन गर्नु छ ।

किरात सभ्यता यस प्रदेशको शीर भएकोले त्यसलाई ठाडो राख्ने कोशी सरकारको पहिलो दायित्व भएको मुख्यमन्त्री कार्कीले बताएका छन् । दलका नेताहरूले पहिचान पक्षधरको बारेमा अनेकौं भाषण दिएर आन्दोलन चर्काउने काम हालसम्म मात्रै गरेका छन् तर पहिचान स्थापित गराउन र माग तथा मुद्दा सम्बोधनका लागि कसैले प्रक्रियासम्म अगाडि नबढाएकाले मैले त्यो काम सुरू गरेको छु, उनले भने, पहिचान वादीको पहिचान स्थापित गराउन खुवालुङ, तुवाचुङ, आत्मानन्द, फाल्गुनन्द लगायतको स्थलको विकासका लागि काम अघि बढाएको छु ।

वीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको समृद्धि भएकोले त्यसलाई यहीका वासिन्दाले जोगाउनु पर्ने उनको भनाइ थियो । धरानबाट मान्छे लखेटेर होइन, फकाएर धरानको समृद्धिको यात्रा अघि बढाउनु आवश्यक छ, मुख्यमन्त्री कार्कीले भने, काठमाडौं र धरानबाट फेसन देशले सिक्ने अवस्थामा ह्रास आउनुमा को दोषी ? धरानवासीका कारण धरान पछि परिरहेको विषयमा यहाँका वासिन्दालाई एक पटक सोच्नै पर्ने बेला आएको छ ।

गैर आवासिय नेपाली संघले दिएको यो बस मुख्यमन्त्री कार्कीले रेडक्रस शाखा धरानलाई हस्तान्तरण गर्दै यसको सदुपयोग गर्नु आवश्यक रहेको उनले बताए । कलिलै उमेरमा विवाह गरेर बच्चा जन्माएपछि रगत बगेर ज्यान गुमाउने दुःख हेरेर बस सहयोग गरेको छ, उनले भने, अब टेण्ट लगाएर रगत संकलन गर्ने बाध्यता अन्त्य भएर हिँडदा हिँडदै रगत दिने अवस्था भयो । तर यसको सदुपयोगको चिन्ता छ वहाँको भनाई थियो ।


## वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

हिरा बहादुर कामत (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. १२ को कार्यालय






## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर